खोप जानकारीको अभिव्यक्ति NEPALI

# मेनिंगोकोक्सल **ACWY** खोपहरू — **MenACWY** र **MPSV4:** तपाईंले जान्नु पर्ने कुरा

Many Vaccine information Statements are available in Spanish and other languages. See www.immunize.org/vis
Hojas de información sobre vacunas están disponibles en español y en muchos otros idiomas. Visite www.immunize.org/vis

## 1 खोप किन लगाउने ?

मेनिंगोकोक्सल नाइजेरिया मेनिन्जाइटिडिस नामक ब्याक्टेरियाद्वारा लाग्ने एक गम्भीर रोग हो । यसले मेनिन्जाइटिस (मस्तिष्क र मेरुदण्डको नशामा सङ्क्रमण) र रगत सङ्क्रमण हुनसक्छ । मेनिंगोकोक्सल रोग प्रायजसो चेतावनीको लक्षण विना लाग्ने गर्छ — यो स्वस्थ व्यक्तिहरूमा समेत लाग्न सक्छ

मेनिंगोकोक्सल रोग नजिकको सम्पर्क (खोक्दा वा चुम्बन गर्दा) वा लामो समयसम्म को सम्पर्कद्वारा सर्छ, विशेष गरी एउटै परिवारमा बसोबास गर्ने मानिसहरूका बीचमा ।

एन. मेनिन्जाइटिडिसका कम्तीमा 12 प्रकार हुन्छन्, जसलाई “सेरोग्रूप्स” भनिन्छ । सेरोग्रूप्स A, B, C, W, र Y ले धेरैजसो मेनिंगोकोक्सल लाग्ने गर्छ ।

जोकोहीलाई मेनिंगोकोक्सल रोग लाग्न सक्छ तर निम्न लगायत निश्चित व्यक्तिहरूलाई बढी खतरा हुन्छ:

- एक वर्षभन्दा कम उमेरका बच्चाहरू
- किशोर-किशोरी र 16 देखि 23 वर्षसम्मको वयस्कहरू
- रोग प्रतिरोधात्मक प्रणालीलाई प्रभाव पार्ने किसिमका निश्चित स्वास्थ्य समस्या भएका मानिसहरू
- एन. मेनिन्जाइटिडिस राखिएको ठाउँमा बारम्बार काम गर्ने माइक्रोबायोलोजिस्टहरू
- समुदायमा रोग फैलेको कारण खतरामा पारेका मानिसहरू

उपचार गरिए पनि, मेनिंगोकोक्सल रोगले 100 सङ्क्रमितमा 10 देखि 15 मानिसहरूलाई मार्छ । र बाँचेका मध्ये 100 मा 10 देखि 20 व्यक्तिहरूलाई बहिरा हुने, मस्तिष्क नास हुने, मृगौला नास हुने, अङ्ग नास, स्नायु प्रणाली सम्बन्धी समस्याहरू, वा छाला नास भएर गम्भीर चोट हुने जस्ता दुर्बलताहरू भोग्छन् ।

मेनिंगोकोक्सल ACWY खोपहरूले सेरोग्रूप्स A, C, W, र Y द्वारा लागेको मेनिंगोकोक्सल रोगहरूलाई रोकथाम गर्न सहयोग गर्छ । सेरोग्रूप B को विरुद्ध सुरक्षा प्रदान गर्न सहायता गर्न एउटा फरक खालको मेनिंगोकोक्सल खोप उपलब्ध छ ।

## 2 मेनिंगोकोक्सल **ACWY** खोपहरू

सेरोग्रूप्स A, C, W, र Y विरुद्ध सुरक्षा गर्नको लागि खाद्य तथा औषधि व्यवस्थापन (FDA) ले अनुमति दिएका दुई प्रकारका मेनिंगोकोक्सल खोपहरू उपलब्ध छन्: मेनिंगोकोक्सल संयुक्त खोप (मेMenACWY) र मेनिंगोकोक्सल पोलिसक्स्याराइड (polysaccharide) खोप (MPSV4) ।

11 देखि 18 वर्ष सम्मका किशोर-किशोरीहरूका निम्ति नियमित रूपमा MenACWY को दुई डोज दिने सिफारिस गरिन्छ: 11 वा 12 वर्षमा पहिलो डोज, 16 वर्षको उमेरमा ष्टर डोज । एचआइभि (HIV) भएका व्यक्तिहरू लगायत, केही किशोर-किशोरीहरूले थप डोजहरू प्राप्त गर्नुपर्छ । थप जानकारीको लागि तपाईंको स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस् ।

किशोर-किशोरीहरूलाई दिइने नियमित खोप बाहेक, केही मानिसहरूलाई पनि MenACWY खोप सिफारिस गरिन्छ:

- सेरोग्रूप A, C, W, वा Y मेनिंगोकोक्सल रोग फैलिएको कारण खतरामा रहेका मानिसहरू
- फियो बिग्रिएका वा हटाइएका जो-कोही व्यक्तिहरू
- "पूरक तत्वको निरन्तर समस्या" (persistent complement component deficiency) भनिने रोग प्रतिरोधात्मक प्रणाली सम्बन्धी दुर्लभ समस्या भएका जो कोही
- (Soliris® पनि भनिने) eculizumab औषधी सेवन गरिरहेका जो-कोही व्यक्ति
- एन. मेनिन्जाइटिडिस राखिएको ठाउँमा बारम्बार काम गर्ने माइक्रोबायोलोजिस्टहरू
- मेनिंगोकोक्सल रोग सामान्य रहेका अफ्रिकाका देशहरू जस्ता क्षेत्रहरूमा यात्रा गरिरहेका, वा बसोबास गरिरहेका व्यक्तिहरू
- छात्रावासमा बसिरहेका कलेज विद्यार्थीहरू
- संयुक्त राज्यका सैनिक

2 र 23 महिना बीचका बच्चाहरू, र निश्चित स्वस्थ समस्याहरू भएका मानिसहरूलाई पर्याप्त सुरक्षाको लागि एकभन्दा बढी डोजहरू आवश्यकता पर्छ । डोजहरूको संख्या र समय, र बुस्टर डोजको आवश्यकताको बारेमा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस् ।

पहिले MenACWY लिएका, वा एकभन्दा बढी डोजहरू आवश्यक पर्ने अपेक्षा गरिएका 2 महिनादेखि 55 वर्ष उमेरका व्यक्तिहरूलाई MenACWY दिनु उपयुक्त हुन्छ ।

55 वर्षभन्दा बढी उमेरका वयस्कहरू (यात्रीहरू, वा समुदायमा रोग फैलेको अवस्थामा) जसलाई एक मात्र डोज दिनु आवश्यक छ भन्ने अपेक्षा गरिन्छ, उनीहरूलाई MPSV4 दिनु उपयुक्त हुन्छ।



U.S. Department of Health and Human Services
Centers for Disease Control and Prevention

## 3 केही मानिसहरूले यो खोप लिनु हुँदैन

आफूलाई खोप दिने व्यक्तिलाई निम्न कुरा बताउनुहोस्:

- तपाईंलाई कुनै पनि गम्भीर, ज्यान खतरामा पार्ने एलर्जी छन् कि

  कुनै व्यक्तिलाई विगतमा मेनिंगोकोक्सल ACWY खोपको खुराक लिएपछि ज्यान जोखिममा पार्ने किसिमको एलर्जी भएको थियो वा यो खोपको कुनै पनि भागद्वारा गम्भीर एलर्जी भयो भने त्यस्तो व्यक्तिले यो खोप लिनु हुँदैन । खोप के ले बनेको छ भन्ने बारेमा तपाईंको प्रदायकले तपाईंलाई बताउन सक्छ ।

- यदि तपाईं गर्भवती हुनुहुन्छ वा दूध खुवाउँदै हुनुहुन्छ भने ।

  यस खोपले गर्भवती महिला वा दूध खुवाउने आमालाई गर्ने खतराहरूको बारेमा त्यति धेरै जानकारी उपलब्ध छैन । स्पष्ट रूपमा आवश्यक परेको खण्डमा यसलाई गर्भावस्थामा प्रयोग गर्न सकिन्छ।

यदि तपाईंलाई रुघाखोकी जस्ता सानोतिनो बिरामी छ भने तपाईंले आज नै खोप लिन सक्नुहुन्छ । यदि तपाईं मध्यम वा गम्भीर रूपमा बिरामी हुनुहुन्छ भने तपाईंले निको हुन्जेलसम्म कुर्दा राम्रो हुन्छ । तपाईंको डाक्टरले तपाईंलाई सल्लाह दिन सक्छ ।

## 4 खोप प्रतिक्रियाका खतराहरू

खोपहरू लगायत सबै औषधिले प्रतिक्रिया दिने सम्भावना हुन्छ । यस्ता प्रतिक्रियाहरू सामान्यतया हल्का हुन्छन् र आफै हराएर जान्छन्, तर गम्भीर प्रतिक्रियाहरूको पनि सम्भावना हुन्छ ।

मेनिंगोकोक्सल ACWY खोप लगाएका मानिसहरू आधा जति मानिसहरूमा खोप लगाएपछि खोप सूई लगाइएको ठाउँमा रातो हुने वा घाउ हुने जस्ता सामान्य समस्याहरू हुने गर्छन् । यी समस्याहरू भएमा यी 1 वा 2 दिनसम्म रहन्छन् । यी समस्याहरू MPSV4 भन्दा MenACWY लगाएपछि आम रूपमा देखिने गर्छन् ।

खोप लगाउने थोरै प्रतिशत मानिसहरूलाई सामान्य ज्वरो आउँछ ।

### सुईद्वारा दिइने कुनै पनि खोप लिइ सकेपछि देखा पर्न सक्ने समस्याहरू यस प्रकार छन्:

- मानिसहरू कहिलेकाहीँ खोप लगायतका चिकित्सा उपचारपछि बेहोस हुने गर्छन् । लगभग 15 मिनेट जति बस्नु वा ढल्केर बस्नुले बेहोस हुन, र लडेर हुने चोटपटकबाट बचाउँछ । रिँगटा लाग्यो, वा दृष्टि समस्या भयो वा कान बज्यो भने आफ्नो चिकित्सकलाई बताउनुहोस् ।
- कतिपय मानिसहरूलाई सुई लगाएको कुममा अत्यन्तै पीडा हुन्छ र हात चलाउन गाह्रो हुन्छ । अत्यन्त कम व्यक्तिमा मात्र यस्तो समस्या हुन्छ ।
- कुनै पनि औषधीले गम्भीर एलर्जी प्रतिक्रिया ल्याउन सक्छ । खोपबाट त्यस किसिमको प्रतिक्रिया निकै कम मात्रामा हुन्छ, अर्थात् दश लाख डोजमा 1 जनालाई हुन्छ र खोप लगाएपछि केही मिनेटदेखि र केही घण्टाको बीचमा यस्तो हुन्छ भन्ने अनुमान गरिएको छ।

सबै प्रकारका औषधिले जस्तै खोपका कारणले पनि गम्भीर चोटपटक लाग्ने वा मृत्यु हुन सक्ने दुर्लभ सम्भावना हुन्छ ।

खोपको सुरक्षालाई सधैँ अनुगमन गरिन्छ । थप जानकारीको लागि, निम्न वेबसाइटमा जानुहोस्: www.cdc.gov/vaccinesafety/

## 5 गम्भीर प्रतिक्रिया भयो भने के गर्ने ?

### म के प्रति होसियार हुनुपर्छ ?

- आफूलाई चिन्तित पार्ने गम्भीर एलर्जी प्रतिक्रिया, अत्यन्तै उच्च ज्वरो वा असामान्य व्यवहार जस्ता कुनै पनि चिन्ह तथा लक्षण प्रति होसियार हुनुहोस् ।

  गम्भीर एलर्जी प्रतिक्रियामा बिबिरा आउने, अनुहार र घाँटी सुनिने, सास फेर्न गाह्रो हुने, मुटुको धड्कन छिटो-छिटो चल्ने, रिँगटा लाग्ने, र कमजोर हुने आदि पर्छन्— र यस्ता प्रतिक्रियाहरू विशेष गरी खोप लगाइएको केही मिनेटदेखि केही घन्टापछि हुन्छ ।

### मैले के गर्नुपर्छ ?

- यदि यो गम्भीर एलर्जी प्रतिक्रिया हो वा प्रतीक्षा गर्न नसकिने अन्य आपत्कालिन समस्या हो भने 9-1-1 मा टेलिफोन गर्नुहोस् र बिरामीलाई सबैभन्दा नजिकको अस्पतालमा जानुहोस् । वा, आफ्नो डाक्टरलाई टेलिफोन गर्नुहोस् ।
- त्यसपछि, प्रतिक्रियाको बारेमा भ्याक्सिन एड्भर्स इभेन्ट रिपोर्टिङ सिस्टम भिएइआरएस (VAERS) मा रिपोर्ट दिइनुपर्छ । तपाईंको डाक्टरले यो रिपोर्ट बुझाउनुपर्छ, वा VAERS को वेबसाइट www.vaers.hhs.govमा गएर, वा 1-800-822-7967 मा टेलिफोन गरेर तपाईं आफै यसो गर्न सक्नुहुन्छ ।

VAERS ले मेडिकल सल्लाह दिँदैन ।

## 6 राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (VICP)

राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (Vaccine Injury Compensation Program, VICP) एक यस्तो संघीय कार्यक्रम हो जुन निश्चित खोपहरूद्वारा चोटपटक लागेका वा हानी भएका मानिसहरूलाई क्षतिपूर्ति दिने उद्देश्यले स्थापना गरिएको हो ।

आफूलाई खोपले हानी गरेको छ वा चोटपटक लागेको छ भन्ने विश्वास गर्ने व्यक्तिहरूले कार्यक्रमको बारेमा जान्न र दाबी दायर गर्ने विषयमा 1-800-338-2382 मा टेलिफोन गरेर वा VICP को वेबसाइट www.hrsa.gov/vaccinecompensationमा गएर जानकारी लिन सक्छन् । क्षतिपूर्तिको लागि दाबी दायर गर्ने म्याद हुन्छ ।

## 7 मैले थप कुरा कसरी जान्न सक्छु ?

- आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस् । निजले तपाईंलाई खोप जानकारी (package insert) प्रदान गर्न सक्छ वा सूचनाको अन्य स्रोतहरू बताउन सक्छ ।
- आफ्नो स्थानीय वा राज्य स्वास्थ्य विभागमा टेलिफोन गर्नुहोस् ।
- रोग नियन्त्रण तथा रोकथाम विभागहरू (Centers for Disease Control CDC) मा कल गर्नुहोस्:
  - 1-800-232-4636 (1-800-CDC-INFO) मा कल गर्नुहोस् वा
  - CDC को वेबसाइट www.cdc.gov/vaccines मा जानुहोस्

Vaccine Information Statement

**Meningococcal ACWY Vaccines - Nepali**

03/31/2016

Office Use Only

42 U.S.C. § 300aa-26

DCH-0930NE
AUTH: P. H. S., Act 42, Sect. 2126.

Translation provided by Minnesota Department of Health